अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२।०३।०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | मोहन देव भट्ट, कृष्ण कुमार निरौला, विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट, दिलाराज पन्त, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, नरेन्द्र बहादुर ऐर, नमराज भट्ट, मोहन चन्द ठकुरी, पुष्पराज जोशी, चेतनाथ दाहाल तथा प्रथम तहमा जग्गा खरिद गरी मतियारको भूमिका निर्वाह गर्ने प्रतिवादीहरु मान बहादुर चन्द, ईन्द्रा वडायक, वसन्ती दियाल, अनिता गुप्ता, लक्ष्मी चन्द, कु. गिता पन्त, देव कुमार ठाकुर, चन्द्र देव | सरकारी सार्वजनिक सम्पत्तिको गैरकानुनी रुपमा दर्ता भोग चलन<br><br>मुद्दा नं. ०७८-CR-००८५<br><br>फैसला मिति २०८१/०१/२४ | आयोगको माग दावी<br>(क) महेन्द्रनगर विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी गोपाल रसाईलीको हकमाः जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई समितिका कर्मचारीहरु तथा जग्गा लिने व्यक्तिहरुसंगको स्वार्थ र सम्वन्धको आधारमा एकल तोक आदेशको भरमा टिप्पणी सदर गरी मूल्य रु.२,२१,९७,४००।- को बिभिन्न कित्ता जग्गा वितरण गरेको तथ्य पुष्टि भएकोले निज प्रतिवादी गोपाल रसाइलीलाई बिगो रु.२,२१,९७,४००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा निज नगर विकास समितिको अध्यक्षको पदमा रही उक्त वारदातमा संलग्न रहेको देखिँदा निज उपर सोही ऐनको दफा २४ बमोजिम थप सजाय गरी उल्लिखित बिगो रकम ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन मागदावी लिइएको छ ।<br><br>(ख) महेन्द्रनगर विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी पल्टु रानाको हकमाः जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई समितिका कर्मचारीहरु तथा जग्गा लिने व्यक्तिहरुसंगको स्वार्थ र सम्वन्धको आधारमा एकल तोक आदेशको भरमा टिप्पणी सदर गरी मूल्य रु.७३,१०,८००।- को बिभिन्न कित्ता जग्गा वितरण गरेको तथ्य पुष्टि भएकोले निज प्रतिवादी पल्टु रानालाई बिगो रु.७३,१०,८००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा निज नगर विकास समितिको अध्यक्षको पदमा रही उक्त वारदातमा संलग्न रहेको देखिँदा निज उपर सोही ऐनको दफा २४ बमोजिम थप सजाय गरी उल्लिखित बिगो रकम ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन मागदावी लिइएको छ ।<br><br>(ग) महेन्द्रनगर विकास समितिका तत्कालीन नायव सुब्बा प्रतिवादी पुष्पराज भट्टको हकमाः जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई केवल तत्कालीन अध्यक्षहरुको एकल तोक आदेशको भरमा जम्मा मूल्य रु.३,०७,२०,९३८।- को बिभिन्न कित्ता जग्गाहरु वितरण गर्ने प्रयोजनार्थ निज प्रतिवादीले टिप्पणी उठाउने, पेस गर्ने तथा जग्गाको स्रेस्ता व्यक्तिको नाममा कायम गर्न सम्वन्धित मालपोत कार्यालयमा पत्राचार गरेको पुष्टि भएकोले निज प्रतिवादी पुष्पराज भट्टलाई बिगो रु.३,०७,२०,९३८।- कायम गरी भ्रष्टाचार निवारण | (क) प्रतिवादीहरुले अदालतमा गरेको बयानमा महेन्द्रनगर नगरविकास समितिले जग्गा उपलब्ध गराउने भन्ने सूचनाको आधारमा जग्गा प्राप्त गर्नको लागि दिएको निवेदनको आधारमा समितिको जग्गा दिने निर्णय भएको, समितिले तोकेको मूल्य बुझाएर जग्गा प्राप्त गरेको, समितिको निर्णय र पत्र बमोजिम जग्गा प्राप्त गर्ने व्यक्तिहरुको नाममा भूमिसुधार तथा मालपोत कार्यालयबाट दर्ता गरेको, नापी कार्यालयबाट मालपोत कार्यालयको पत्र बमोजिम कित्ता काट गरेको, मूल्य तिरेर जग्गा प्राप्त गरेको हुँदा महेन्द्रनगर नगर विकास समितिलाई कुनै हानिनोक्सानी नभएको भन्ने बेहोराको जिकिर लिई आरोपित कसुरमा इन्कार रहेको ।<br>(ख) महेन्द्रनगर विकास समितिको अध्यक्षहरुले जग्गाहरु व्यक्ति विशेषलाई वितरण गर्ने निर्णय भई निर्णय अनुसार दर्ता स्रेस्ता तयार गर्नको लागि नगर विकास समितिको निर्णयहरु तथा पत्र बमोजिम जग्गा दर्ता स्रेस्ता खडा गर्न सिफारिस गरेबमोजिम कर्मचारीको पदीय दायित्व पूरा गर्ने क्रममा यी प्रतिवादीहरुले टिप्पणी उठाउने, पेस गर्ने, टिप्पणी | (क) प्रतिवादीहरु मोहन देब भट्ट, कृष्ण कुमार निरौला, विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट, दिलाराज पन्त, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, नरेन्द्र बहादुर ऐर, नमराज भट्ट, मोहन चन्द ठकुरी, पुष्पराज जोशी र चेतनाथ दाहालले महेन्द्रनगर विकास समितिको नाममा रहेको विवादको जग्गाहरु व्यक्ति विशेषको नाममा दर्ता हुँदाको अवस्थामा प्रतिवादी मोहन देव भट्ट महेन्द्रनगर विकास समितिको इन्जिनियर, प्रतिवादी कृष्ण कुमार निरौला प्रमुख मालपोत अधिकृत, प्रतिवादी विशन सिंह थापा मालपोत अधिकृत, प्रतिवादीहरु दलजित भट्ट, जय बहादुर विष्ट र दिलाराज पन्त मालपोत कार्यालयको शाखा अधिकृत, प्रतिवादीहरु गणेश बहादुर ऐर र नयन सिंह कुँवर मालपोत कार्यालयको नायव सुब्बा, प्रतिवादीहरु नरेन्द्र बहादुर ऐर र नम राज भट्ट मालपोत कार्यालयको खरिदार, प्रतिवादी मोहन चन्द ठकुरी नापी कार्यालयको प्रमुख नापी अधिकृत, प्रतिवादीहरु पुष्पराज जोशी र चेतनाथ दाहाल नापी कार्यालयको नापी अधिकृत पदमा कार्यरत रहेको देखिन्छ। प्रतिवादी मोहन देब भट्टले मालपोत कार्यालयमा पत्राचार गरेको तथा समितिबाट प्राप्त पत्रको आधारमा महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने कार्यमा अरु प्रतिवादीहरुको संलग्नता रहेको हुँदा प्रतिवादीहरु मोहन देब भट्ट, कृष्ण कुमार निरौला, विशन सिंह थापा, दलजित भट्ट, मोहन चन्द ठकुरी, पुष्पराज जोशी र चेतनाथ दाहालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर गरेको तथा प्रतिवादीहरु जय बहादुर विष्ट, दिलाराज पन्त, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, नरेन्द्र बहादुर ऐर र नमराज भट्टले सो कसुरको मतियार हुने कसुर गरेको तथ्य पुष्टि भएको देखिन्छ । यी प्रतिवादीहरुले अनुसन्धानको क्रममा र यस अदालतमा बयान गर्दा जग्गाको आधिकारिक स्वामित्ववाला महेन्द्रनगर नगर विकास समितिले आफ्नो स्वामित्वमा भएको जग्गा वितरण गर्ने निर्णय गरी निर्णय अनुसार गर्नको लागि प्रतिवादी मोहन देव भट्टले पत्राचार गरेको, नगर विकास समितिको पत्र बमोजिम सो सम्बन्धमा प्राप्त निर्णय, निर्णय अनुसारको पत्र र जग्गा प्राप्त गर्ने व्यक्तिको निवेदन लगायत आवश्यक कागजात आधारमा प्रक्रियागत रुपमा टिप्पणी पेस गरी सदर गरेको, मालपोत कार्यालयको आदेश बमोजिम नापी कार्यालयबाट कित्ता काटको प्राविधिक कार्य गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता स्रेस्ता कायम भएको देखिँदादेखिँदै निज प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br><br>(ख) महेन्द्रनगर विकास समितिको अध्यक्षले सो समितिको स्वामित्वमा भएको विवादको जग्गा वितरण गर्ने निर्णय गरी सो निर्णय बमोजिम जग्गा प्राप्त गर्ने व्यक्तिको नाममा दर्ता स्रेस्ता कायम गर्नको लागि सो नगर विकास समितिको कर्मचारीको हैसियतले प्रतिवादी मोहन देब भट्टले भुमिसुधार तथा मालपोत कार्यालय कञ्चनपुरलाई पत्राचार गरेको देखिन्छ। महेन्द्रनगर विकास समितिको अध्यक्षहरुले विवाद जग्गाहरु व्यक्ति विशेषलाई वितरण गर्ने निर्णय भई निर्णय अनुसार दर्ता स्रेस्ता तयार गर्नको लागि नगर विकास समितिको निर्णयहरु तथा पत्र बमोजिम जग्गा दर्ता स्रेस्ता खडा गर्नको लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | गिरी, परमानन्द जोशी, कमला देवी राना, रगु दमाई, चन्द्रा खडका, शुसिला वस्नेत, गंगा वस्नेत, करिश्मा वस्नेत, जमुना वस्नेत, विरेन्द्र कुमार वि.सी., धना देवी कामी, गोदावरी चन्द ठकुरानी, शान्ता भट्ट, भिमदत्त भट्ट, कैसाश सुनार, पंकज रावल र तुलसी दमाई समेत ३७ जना | | ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल हुन मागदावी लिइएको छ ।<br><br>(घ) महेन्द्रनगर विकास समितिका तत्कालीन अमिन प्रतिवादी तुलादत्त जोशीको हकमाः जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई केवल तत्कालीन अध्यक्षहरुको एकल तोक आदेशको भरमा जम्मा मूल्य रु.३,०८,०५,७००।- को बिभिन्न कित्ता जग्गाहरु वितरण गर्ने प्रयोजनार्थ निज प्रतिवादीले टिप्पणी उठाउने, पेस गर्ने तथा जग्गाको स्रेस्ता व्यक्तिको नाममा कायम गर्न सम्वन्धित मालपोत कार्यालयमा पत्राचार गरेको पुष्टि भएकोले निज प्रतिवादी तुलादत्त जोशीलाई बिगो रु.३,०८,०५,७००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल हुन मागदावी लिइएको छ ।<br><br>(ङ) महेन्द्रनगर विकास समितिका तत्कालीन इन्जिनियर प्रतिवादी मोहन देव भट्टको हकमाः नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा अध्यक्षको एकल तोक आदेशको भरमा व्यक्तिको नाममा वितरण गर्दा सुशिला देवी वस्नेतको नाममा मूल्य रु.३,३७,५००।- पर्ने भीमदत्त नगरपालिका वडा नं. १८ कित्ता नं.१०५४४ को ७५ बर्ग मिटर जग्गा दर्ता स्रेस्ता कायम गर्न मालपोत कार्यालयलाई पत्राचार गरेको पुष्टि भएकोले निज प्रतिवादी मोहन देव भट्टलाई बिगो रु.३,३७,५००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल हुन मागदावी लिइएको छ ।<br><br>(च) मालपोत कार्यालय कञ्चनपुरका तत्कालीन प्रमुख मालपोत अधिकृत प्रतिवादी कृष्ण कुमार निरौला, तत्कालीन मालपोत अधिकृत प्रतिवादी विशन सिंह थापा र शाखा अधिकृत दलजित भट्टको हकमाः जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई केवल समितिको अध्यक्षको एकल तोक आदेशबाट जग्गा वितरण गर्ने निर्णय भएको आधारमा समितिको जग्गा व्यक्ति विशेषको नाममा दर्ता स्रेस्ता कायम गर्ने भनी समितिबाट प्राप्त पत्रलाई मात्र आधार बनाई प्रतिवादी कृष्ण कुमार निरौलाले मूल्य रु.७२,०२,४००।- पर्ने विभिन्न कित्ता जग्गाहरु, प्रतिवादी विशन सिंह थापाले मूल्य रु.१,४९,८१,०३८।- पर्ने विभिन्न कित्ता जग्गाहरु र प्रतिवादी दलजित भट्टले मूल्य रु.८८,७५,०००।- पर्ने विभिन्न कित्ता जग्गाहरु विभिन्न व्यक्तिहरुको नाममा कायम क्रममा निर्णय गर्ने कार्यमा संलग्न देखिएकोले प्रतिवादी | सदर गर्ने र कित्ता काट गर्ने कार्य गरेको देखिएको ।<br><br>(ग) मतियारको कसुरको मागदावीको सजाय लिइएका प्रतिवादीहरुको हकमा निज प्रतिवेदनहरुको निवेदन माग बमोजिम प्रतिवादीहरुलाई जग्गा वितरण गरिएको भए पनि जग्गा वितरण गर्ने निर्णय प्रक्रियामा निज प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता नदेखिएको । | टिप्पणी उठाउने, पेस गर्ने र सदर गर्ने कार्य यी प्रतिवादीहरु कृष्ण कुमार निरौला, विशन सिंह थापा, दलजित भट्ट, दिलाराज पन्त, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, नरेन्द्र बहादुर ऐर र नमराज भट्टबाट भएको र कित्ता काटको लागि सम्वन्धित नापी कार्यालयमा लेखि पठाएको र नापी कार्यालयबाट कित्ता काट गर्ने कार्य भएको देखिन्छ । महेन्द्रनगर नगर विकास समितिको अध्यक्षहरुबाट भएको निर्णय अनुसार लेखिएको पत्रलाई कार्यान्वयन गर्ने कार्यमा यी प्रतिवादीहरुको भूमिका भएको देखिन्छ। यी प्रतिवादीहरुको कार्यालयीय दायित्व भए तापनि सार्वजनिक जग्गा वितरण गर्ने निर्णय कानुन बमोजिम भए/नभएको र कानुनी कार्यविधि बमोजिम भएको/नभएको हेर्नुपर्नेमा सोतर्फ अनदेखा गरी प्रतिवादीहरुलाई आरोप दाविबाट सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br><br>(ग) त्यस्तै नगर विकास समितिबाट प्रथम तहमा जग्गा खरिद गर्ने प्रतिवादीहरु मान बहादुर चन्द, ईन्द्रा वडायक, बसन्ती दियाल, अनिता गुप्ता, लछी चन्द, कु. गिता पन्त, देव कुमार ठाकुर, चन्द्र देव गिरी, परमानन्द जोशी, कमला देवी राना, रगु दमाई, चन्द्रा खडका, शुसिला देवी वस्नेत, गंगा कुमारी वस्नेत, करिश्मा वस्नेत, जमुना कुमारी वस्नेत, विरेन्द्र कुमार वि.सि., धनादेवी कामी, गोदावरी चन्द ठकुरानी, शान्ता भट्ट, भीमदत्त भट्ट, कैलाश सुनार, पंकज रावल र तुलसी देवी दमाईले महेन्द्रनगर नगर विकास समितिबाट प्रकाशित सूचना अनुसार सो समितिको स्वामित्वमा रहेको जग्गा प्राप्त गर्नको लागि निवेदन दिई समितिको जग्गा प्राप्त गर्ने व्यक्ति भएको देखिन्छ। सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु सबै सचेत नेपाली नागरिकको कर्तव्य हो तर यी प्रतिवादीहरुले महेन्द्रनगर विकास समितिको नाममा रहेको विवादको जग्गाहरु आफ्नो नाममा दर्ताको लागि निवेदन दिई गैरकानुनी रुपमा आफ्नो नाममा दर्ता गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा उक्त ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुर गरेको तथ्यलाई अन्यथा भन्न मिल्दैन । यस्तो अवस्थामा उपरोक्त प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br><br>(घ) प्रतिवादीहरु मान बहादुर चन्द, ईन्द्रा वडायक, बसन्ती दियाल, अनिता गुप्ता, लछी चन्द, कु. गिता पन्त, देव कुमार ठाकुर, चन्द्र देव गिरी, परमानन्द जोशी, कमला देवी राना, रगु दमाई, चन्द्रा खडका, शुसिला देवी वस्नेत, गंगा कुमारी वस्नेत, करिश्मा वस्नेत, जमुना कुमारी वस्नेत, विरेन्द्र कुमार वि.सि., धनादेवी कामी, गोदावरी चन्द ठकुरानी, शान्ता भट्ट, भीमदत्त भट्ट, कैलाश सुनार, पंकज रावल र तुलसी देवी दमाईले तत्कालीन महेन्द्रनगर नगर विकास समितिबाट जग्गा वितरण गर्दा नगर विकास ऐन, २०४५ को दफा ५, दफा ६, दफा ८, दफा ९, दफा १०, दफा ११, दफा १२ दफा १२क, दफा १२ख ले समितिको जग्गा प्राप्ति, जग्गा विकास तथा विक्रि वितरण समेतका सम्बन्धमा गरेको कानुनी व्यवस्थाको प्रतिकूल हुने गरी तथा नगर विकास निर्देशिका, २०६१ को दफा ५ ले व्यवस्था गरेको जग्गा व्यवस्थापन सम्बन्धी प्रकृया अन्तर्गत न्यून आय वर्ग तथा विशेष वञ्चित समूह पहिचान गर्ने आधारहरु, विकसित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कृष्ण कुमार निरौलाको हकमा रु.७२,०२,४००।-, प्रतिवादी विशन सिंह थापाको हकमा रु.१,४९,८१,०३८।- र प्रतिवादी दलजित भट्टको हकमा रु.८८,७५,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल हुन मागदावी लिइएको छ ।<br><br>(छ) मालपोत कार्यालय कञ्चनपुरका शाखा अधिकृत प्रतिवादी जय बहादुर विष्ट, शाखा अधिकृत प्रतिवादी दिलाराज पन्त, नायव सुब्बा प्रतिवादी गणेश बहादुर ऐर, नायव सुब्बा प्रतिवादी नयन सिंह कुँवर, खरिदार प्रतिवादी नरेन्द्र बहादुर ऐर र खरिदार प्रतिवादी नमराज भट्टको हकमाः जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई केवल समितिको अध्यक्षको एकल तोक आदेशबाट जग्गा वितरण गर्ने निर्णय भएको आधारमा समितिको जग्गा व्यक्ति विशेषको नाममा दर्ता स्रेस्ता कायम गर्ने भनी समितिबाट प्राप्त पत्रलाई मात्र आधार बनाई स्रेस्ता अद्यावधिक गरी नगर विकास समितिको जग्गा व्यक्तिको नाममा कायम गर्ने, दर्ता स्रेस्ता खडा गर्ने, कार्यको मतियार हुने कसुर गरेको देखिएकोले निज प्रतिवादीहरुको संलग्नतामा दर्ता स्रेस्ता खडा भएको जग्गाको मूल्य अनुसार प्रतिवादी जय बहादुर विष्टको हकमा रु.२,६३,९१,६३८।-, प्रतिवादी दिलाराज पन्तको हकमा रु.४६,६६,८००।-, प्रतिवादी गणेश बहादुर ऐरको हकमा रु.१,४२,५२,४००।-, प्रतिवादी नयन सिंह कुँवरको हकमा रु.१,३८,९५,८००।- प्रतिवादी नरेन्द्र बहादुर ऐरको हकमा रु.१,५२,२७,४००।- र प्रतिवादी नमराज भट्टको हकमा रु.१५,५०,२३८।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरको मतियार हुने कसुरमा सो ऐनको दफा २२ बमोजिम दफा ८ को उपदफा (१) बमोजिम हुने सजायको आधा सजाय गरी आधा बिगो असुल हुन मागदावी लिईएको छ ।<br><br>(ज) नापी कार्यालय कञ्चनपुरका तत्कालीन प्रमुख नापी अधिकृत प्रतिवादी मोहन चन्द ठकुरी, नापी अधिकृत प्रतिवादी पुष्पराज जोशी र नापी अधिकृत (निमित्त कार्यालय प्रमुख) प्रतिवादी चेतनाथ दाहालको हकमाः- जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई केवल समितिको अध्यक्षको अवैधानिक एकल तोक आदेशको आधारमा व्यक्तिको नाममा स्रेस्ता कायम गर्ने सम्वन्धमा मालपोत कार्यालयबाट प्राप्त पत्रलाई मात्र आधार बनाई विभिन्न कित्ता नं. का जग्गाहरु विभिन्न व्यक्तिहरुको नाममा कित्ता काटको आदेश गरी व्यक्तिको नाममा हक हस्तान्तरण भएको पुष्टि भएकोले निज प्रतिवादीहरुले कित्ता | | घडेरीको न्यूनतम मूल्य निर्धारण गर्ने तरिका, विकसित घडेरी तथा जग्गा वितरण गर्दा अपनाउनु पर्ने प्रणाली (बोलपत्र, चिठ्ठा, विशेष निर्णय अन्तर्गत विकसित घडेरी तथा जग्गाको व्यवस्था) जग्गाको मूल्य चुक्ता गर्ने सम्बन्धी व्यवस्था, न्यून आय वर्ग र विशेष वञ्चित समूहलाई शर्त सहित जग्गा उपलब्ध गराउनु पर्ने सम्बन्धी कुनै प्रक्रियया अवलम्वन नै नगरी जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई केवल समितिका अध्यक्षबाट अवैधानिक तोक आदेशका रीतबाट भएको र जग्गा वितरण तथा प्राप्ति गर्ने सम्बन्धी प्रकृयामा समितिका पदाधिकारी तथा कर्मचारीहरुसँगको व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा जग्गा प्राप्त गर्ने उद्देश्यकासाथ निज प्रतिवादीहरुले ठाडो निवेदन दिई कर्मचारीहरुमार्फत् टिप्पणी उठाई पेश गराई समितिमा निर्णय नै नभएको विषयलाई निर्णय भएको भनी गरेको पत्राचार गरेको, औद्योगिक क्षेत्रको लागि समिति गठन गर्न भएको निर्णयलाई आधार बनाई जग्गा वितरण गर्ने भनी भएको पत्रचारको आधारमा मालपोत कार्यालय कन्चनपुरका तत्कालीन प्रमुखहरु र कर्मचारीहरु तथा नापी कार्यालय कन्चनपुरका तत्कालीन प्रमुखहरुबाट दर्ता स्रेस्ता कायम एवम कित्ताकाट गराई समितिको स्वामित्वमा रहेको सरकारी जग्गा आफ्नो नाममा दर्ता स्रेस्ता कायम गरी गराई आफूले व्यक्तिगत लाभ लिई नेपाल सरकारलाई हानि नोक्सानी गर्ने र उक्त जग्गा विक्री वितरण गर्ने समेत कार्यमा प्रत्यक्ष संलग्न देखिएकाले महेन्द्रनगर नगर विकास समितिबाट पहिलो तहमा आफ्नो नाममा जग्गा दर्ताश्रेष्ता कायम गर्ने गराउने कसूरजन्य कार्यमा प्रतिवादीहरु मान बहादुर चन्द, ईन्द्रा वडायक, बसन्ती दियाल, अनिता गुप्ता, लछी चन्द, कु. गिता पन्त, देव कुमार ठाकुर, चन्द्र देव गिरी, परमानन्द जोशी, कमला देवी राना, रगु दमाई, चन्द्रा खडका, शुसिला देवी वस्नेत, गंगा कुमारी वस्नेत, करिश्मा वस्नेत, जमुना कुमारी वस्नेत, विरेन्द्र कुमार वि.सि., धनादेवी कामी, गोदावरी चन्द ठकुरानी, शान्ता भट्ट, भीमदत्त भट्ट, कैलाश सुनार, पंकज रावल र तुलसी देवी दमाई समेतको संलग्नता रहेको मालपोत कार्यालय कन्चनपुरबाट प्राप्त निर्णय मिसिल समेतका कागजातबाट देखिन आई प्रस्तुत वारदातमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ।<br><br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको तत्कालीन महेन्द्रनगर गाउँ पञ्चायतको प्लट नं. १८ को नक्साको कित्ता नं. १,७,८,९,२७,२८ र साविक ऐ.गाउँ पन्चायतको वडा नं. ८ङ को कित्ता नं. ३८,३९,१२, ९८,९९ र १०० को उत्तरी सिमाना निम्वुखेडा गाउँबाट उल्टाखाम जाने बाटो भै पूर्व तर्फको गडवडे नाला उल्लिखित चार किल्ला निर्धारण गरी उक्त चार किल्ला भित्रको ६३८-६-८ विगाहा क्षेत्रफलको सरकारी जग्गा विधि र प्रक्रिया विपरीत व्यक्ति विशेषको नाममा दर्ता स्रेस्ता कायम गरी गराई हानी नोक्सानी गर्ने कार्यमा यी प्रतिवादीहरुको Collective Participation रहेक तथ्य पुष्टि भएको छ भने कर्मचारी तहबाट निर्णय हुँदा पदाधिकारीसम्मले निर्णय गरी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता कायम गरेको तथ्य प्रतिवादीहरुले गरेको तोक आदेश, निवेदन बेहोरा, निर्णय माईन्युट, मालपोत र नापी कार्यालयका पत्रहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | काटको आदेश गरेको जग्गाको मूल्य अनुसार प्रतिवादी मोहन चन्द ठकुरीको हकमा रु.४२,४५,०००।, प्रतिवादी पुष्पराज जोशीको हकमा रु.९२,७९,५००।- र प्रतिवादी चेतनाथ दाहालको हकमा रु.७५,३७,५००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल हुन मागदावी लिइएको छ ।<br><br>(झ) नगर विकास समितिबाट प्रथम तहमा जग्गा खरिद गर्ने प्रतिवादीहरु मान बहादुर चन्द, ईन्द्रा वडायक, वसन्ती दियाल, अनिता गुप्ता, लक्षी चन्द, कु. गिता पन्त, देव कुमार ठाकुर, चन्द्र देव गिरी, परमानन्द जोशी, कमला देवी राना, रगु दमाई, चन्द्रा खडका, शुसिला देवी वस्नेत, गंगा कुमारी वस्नेत, करिश्मा वस्नेत, जमुना वस्नेत, विरेन्द्र कुमार वि.सी., धना देवी कामी, गोदावरी चन्द ठकुरानी, शान्ता भट्ट, भिमदत्त भट्ट, कैलाश सुनार, पंकज रावल र तुलसी देवी दमाईको हकमाः निज प्रतिवादीहरुले महेन्द्रनगर विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुसंगको व्यक्तिगत स्वार्थ र सम्वन्धको आधारमा जग्गा प्राप्त गर्ने उद्देश्यका साथ ठाडो निवेदन दिई कर्मचारीहरु मार्फत टिप्पणी उठाई पेस गराई समितिका अध्यक्षहरुद्वारा भएको एकल तोक आदेशको भरमा मालपोत कार्यालयका कर्मचारीहरु र नापी कार्यालयका प्रमुखहरुबाट दर्ता स्रेस्ता कायम एवम् कित्ताकाट गराई समितिको स्वामित्वमा रहेको जग्गा आफ्नो नाममा कायम गराई व्यक्तिगत लाभ लिई नेपाल सरकारलाई हानि नोक्सानी गर्ने र उक्त जग्गा बिक्री वितरण समेत गरी निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को खण्ड (ज) बमोजिमको कसुरको सो ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको मतियारको कसुर गरेको देखिएकाले सोही दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा भएको व्यवस्था बमोजिम निज प्रतिवादीहरुले प्राप्त गरेको जग्गाको मूल्य अनुसार बिगो कायम गरी उक्त ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय गरी दफा ८(१) बमोजिम बिगो असुल हुन साथै नगर विकास समितिबाट गैरकानुनी तवरले प्राप्त गरी यथावत स्वामित्व कायम रहेको प्रतिवादीहरुको नाममा दर्ता रहेको जग्गाहरु सोही ऐनको दफा ४७ बमोजिम जफत गरी साबिकको महेन्द्रनगर नगर विकास समिति (हालः भीमदत्त नगर विकास समिति) कै नाउँमा कायम हुन मागदावी लिईएको छ ।<br><br>(ञ) विभिन्न व्यक्तिहरुले प्रथम तहमा जग्गा प्राप्त गरी विभिन्न मितिमा सुक्रीविक्री भई हाल कायम हुन आएका जग्गाधनी प्रतिवादीहरु भोजराज राना, घुम्मा राना, सोवान सिंह धामी, कुमारी कमला मल्ल, | | समेतका Overt Act पुष्टि हुने प्रमाणहरुबाट पुष्टि भईरहेको र सोही कार्यमा संलग्न तत्कालीन महेन्द्रनगर नगर विकास समितिका पदाधिकारीहर उपरको आरोप दावी बमोजिमको कसूर ठहर गरी फैसला भएकोमा सो जग्गा दर्ता स्रेस्ता कायम गर्ने कार्यमा संलग्न Similar Intention भएका महेन्द्रनगर नगर विकास समितिका कर्मचारीहरु, मालपोत कार्यालयका कर्मचारीहरु, नापी कार्यालयका कर्मचारीहरुको जिम्मेवार भूमिकामा रहेका प्रतिवादीहरु मोहन देव भट्ट, कृष्ण कुमार निरौला, विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट, दिलाराज पन्त, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, नरेन्द्र बहादुर ऐर, नमराज भट्ट, मोहन चन्द ठकुरी, पुष्पराज जोशी, चेतनाथ दाहाल तथा प्रथम तहमा जग्गा खरिद गरी मतियारको भूमिका निर्वाह गर्ने प्रतिवादीहरु मान बहादुर चन्द, ईन्द्रा वडायक, वसन्ती दियाल, अनिता गुप्ता, लक्षी चन्द, कु. गिता पन्त, देव कुमार ठाकुर, चन्द्र देव गिरी, परमानन्द जोशी, कमला देवी राना, रगु दमाई, चन्द्रा खडका, शुसिला वस्नेत, गंगा वस्नेत, करिश्मा वस्नेत, जमुना वस्नेत, विरेन्द्र कुमार वि.सी., धना देवी कामी, गोदावरी चन्द ठकुरानी, शान्ता भट्ट, भिमदत्त भट्ट, कैसाश सुनार, पंकज रावल र तुलसी दमाई समेतको संलग्नता पुष्टि भईरहेको अवस्थामा If Similar Intention is probted all are liable for their individual offence भन्ने न्यायिक मान्यताको आधारमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला सो हद सम्म त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी उल्लिखित प्रत्यर्थी/प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरी पाउन सम्मानित अदालत समक्ष अनुरोध छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सिता देवी पन्त, शुसिला स्वाँर, कमला देवी भट्ट, कुमारी मञ्जु भट्ट, जनक सिंह नायक, विमला चन्द महता, देवकी भट्ट, यज्ञराज भट्ट, गंगादत्त जोशी, विमला जोशी, राज बहादुर विष्ट, मनि दमाई, गणेश प्रसाद पन्त, सिमा जोशी, कृष्णराज कलौनी, हरि प्रसाद जोशी, र किसन कुमार कामीको हकमाः- निज प्रतिवादीहरु भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरमा संलग्न भएको नदेखिए तापनि नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा निज प्रतिवादीहरुको स्वामित्वमा रहे भएको पाइएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम नगर विकास समितिको नामबाट हाल निज प्रतिवादीहरुको नाममा कायम रहेको बिभिन्न कित्ता जग्गाहरु जफत गरी नगर विकास समितिको नाममा कायम हुन मागदावी लिइएको छ ।<br><br>अदालतको फैसला<br>(क) प्रतिवादीहरुमध्ये गोपाल रसाइली र पल्टु राना महेन्द्रनगर नगरविकास समितिको अध्यक्षको हैसियतमा र प्रतिवादीहरु पुष्पराज भट्ट सो समितिको ना.स. र तुलादत्त जोशी अमिन पदमा कार्यरत रहदा निज प्रतिवादीहरुले पदीय हैसियत अनुसार टिप्पणी उठाउने राय पेश गर्ने र टिप्पणी सदर गर्ने कार्य गरी सो नगर विकास समितिको स्वामित्वमा रहेका जग्गा प्रचलित कानुनी व्यवस्था विपरीत नगर विकास समितिको बैठकबाट निर्णय नगराई मिलेमतोमा बदनियत राखी अध्यक्षको तोक आदेशबाट विभिन्न व्यक्तिहरुलाई बिक्री वितरण गरेको हुँदा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसुरमा सोही ऐनको दफा ८(१) बमोजिम जनही १ वर्ष कैद ६ महिना कैद र जरिबानाको हकमा प्रतिवादी गोपाल रसाइलीलाई बिगो रु.२,२१,९७,४००/- को दामासाहीले रु.७३,९९,१३३/- प्रतिवादी पल्टु रानालाई बिगो रु.७३,१०,८००/- को दामासायीले रु.२४,३६,९३३/- प्रतिवादी पुष्पराज भट्टलाई बिगो रु.२,९५,०८,२००/- को दामासायीले रु.९८,३६,०६६/- र प्रतिवादी तुलादत्त जोशीलाई बिगो रु.२,९५,०८,२००/- को दामासायीले रु.९८,३६,०६६/- जरिवाना हुने ठहर्छ।<br><br>(ख) साथै प्रतिवादीहरु गोपाल रसाईली र पल्टु रानालाई उक्त ऐनको दफा २४ बमोजिम जनही ६ महिना थप कैद सजाय हुने ठहर्छ।<br><br>(ग) अभियोग दावीमा उल्लिखित विभिन्न प्रतिवादीहरुको नाम रहेका कि.नं. र सोबाट परिवर्तन भएका कित्ता जग्गाहरु समेत सोही ऐनको दफा ४७ बमोजिम जफत भई उक्त नगरविकास समितिको नाउँमा कायम हुने ठहर्छ। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (घ) बिक्री वितरण गरिएका जग्गा जफत हुने ठहरेकोले सोही जफत हुने जग्गाबाट बिगो असुल हुने हुँदा छुट्टै बिगो असुल गर्नुपर्ने देखिएन।<br><br>(ङ) अन्य प्रतिवादीहरुको हकमा कसुरमा संलग्नता रहेको भन्ने प्रमाणबाट पुष्टि हुन नआएकोले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। | | |